प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तह तर्फ स्कुल अफ हेल्थ साईन्स भरतपुर, चितवनको पूर्ण शूल्कीय भर्ना प्रकृयाको स्थगित नतिजा पुनः प्रकाशन सम्वन्धि अत्यन्त जरुरी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/०७

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७८/०४/३० र २०७८/०५/१८ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शूल्कीय तर्फको आवेदन फाराम भर्ने सम्वन्धि सूचना वमोजिम वागमती प्रदेश अन्तर्गत संचालित आंगिक, साझेदारी, सामुदायिक विद्यालयहरु र नीजि स्तरमा संचालन स्वीकृत पाएका शिक्षण संस्थाहरुले तोकिएको मिति र समयभित्र प्रवेश परीक्षा आवेदन फाराम भराई परीक्षा नियन्त्रण कार्यालयले तोकेको सम्पूर्ण प्रक्रिया पूरा गरि उल्लेखित सूचनाको वुदा नं ७ वमोजिम तयार गरी गोप्य रुपमा प्राप्त हुन आएको नतिजा परिषद् परीक्षा नियन्त्रण कार्यालयको निर्देशन वमोजिम रुजु गरि परीक्षा उप समितिको मिति २०७८/०६/०९ मा वसेको वैठकबाट प्रकाशन गरिएकोमा स्कुल अफ हेल्थ साईन्सका विभिन्न कार्यक्रमहरुको स्थगित भएको नतिजा नियमानुसार प्रकाशन गरिएको व्यहोरा सूचित गरिन्छ । प्रवेश परीक्षावाट सफल मुख्य प्रशिक्षार्थीहरुलाई सम्वन्धित शिक्षण संस्थाले सूचना प्रकाशन गरि मिति २०७८/०७/२१ गते कार्यालय समयभित्र भर्ना गर्नु पर्ने छ । वैकल्पिक प्रशिक्षार्थीहरुको भर्ना गर्ने क्रममा प्राप्ताङ्क वरावर भएको अवस्थामा सूचनाको वुदा नं ७ मा उल्लेखित गणित, विज्ञान र अग्रेजी विषयको र सो योग्यता समेत वरावर भएको अवस्थामा सोहि वुदाको 'ई' वमोजिम र उक्त योग्यता/वर्ग समेत वरावर भएको अवस्थामा प्रशिक्षार्थीको कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लव्धाङ्क पत्रको उच्चतम अंक र सोको प्राप्ताङ्क समेत वरावर भएको अवस्थामा कक्षा ८ को क्रमश : गणित, विज्ञान र अग्रेजी विषयमा प्राप्त गरेको अंकका आधारमा योग्यताक्रम निर्धारण गरी भर्ना गर्नुपर्ने छ । भर्ना भएका प्रशिक्षार्थीहरुको कक्षा सुरु एवं रजिष्ट्रेशन लगायत परिषद् परीक्षा नियन्त्रण कार्यालयवाट जारी सूचना एवं निर्देशन वमोजिम गर्नु गराउनुहुन समेत जानकारी गराईन्छ ।

निर्देशक